आज मिति २०८१ साल जेष्ठ १३ गतेका दिन छायाँनाथ रारा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

तपसिल

| | | |
|---|---|---|
| श्री प्रकाश भण्डारी | नगर प्रमुख छा.रा.नगरपालिका खलंगा | |
| श्री सुस्मिता सापकोटा | नगर उपप्रमुख | ,, ,, |
| श्री प्रदिप पाण्डेय | वडाध्यक्ष वडा नं. १ | ,, ,, |
| श्री रविन हमाल | ,, ,, २ | ,, ,, |
| श्री तुलसा भण्डारी | ,, ,, ३ | ,, ,, |
| श्री किशोर कुमार हमाल | ,, ,, ४ | ,, ,, |
| श्री प्रदिप शाही | ,, ,, ५ | ,, ,, |
| श्री गोकराज बुढाथोकी | ,, ,, ६ | ,, ,, |
| श्री तिला बहादुर रोका | ,, ,, ७ | ,, ,, |
| श्री लक्ष्मण बुढाथोकी | ,, ,, ८ | ,, ,, |
| श्री हेमेन्द्र कुमार बुढाथोकी | ,, ,, ९ | ,, ,, |
| श्री कृष्ण बहादुर बोहरा | ,, ,, १० | ,, ,, |
| श्री गणेश कुमार शाही | ,, ,, ११ | ,, ,, |
| श्री सुरेन्द्र कुमार बुढा | ,, ,, १२ | ,, ,, |
| श्री जंग बहादुर बुढा | ,, ,, १३ | ,, ,, |
| श्री प्रकाश पुन | ,, ,, १४ | ,, ,, |
| श्री लोकमान बुढाथोकी | ,, ,, १५ | ,, ,, |
| श्री रत्ना कुमारी थापा | नगर कार्यपालिका सदस्य | ,, ,, |
| श्री मञ्जु परियार | ,, ,, | ,, ,, |
| श्री भगवति बोहरा | ,, ,, | ,, ,, |
| श्री इन्द्रा कुमारी डाङ्गी | ,, ,, | ,, ,, |
| श्री पुष्पा नेपाली | ,, ,, | ,, ,, |
| श्री गोमा पोखरेल | ,, ,, | ,, ,, |
| श्री प्रेम कुमार राई | ,, ,, | ,, ,, |
| श्री दिपक विश्वकर्मा | ,, ,, | ,, ,, |
| श्री ओम प्रकाश देवकोटा | सचिव | ,, ,, |

**कार्यपालिका बैठक संख्या नं. ४८** **स्थानः नगरपालिका भवन** **मिति २०८२/०२/१२ गते**

**समयः विहान ८:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून निर्माण सम्बन्धमा ।
३. बसपार्कको Variation Order स्वीकृत सम्बन्धमा ।
४. घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धमा ।
५. जिन्सी मालसामानको मूल्यांकित विवरण अनुमोदन सम्बन्धमा ।
६. जिल्ला प्रहरी कार्यालयको कर छुट गर्ने पत्रका सम्बन्धमा ।
७. विभिन्न सडक निर्माण लागि भएको मेसीन प्रयोग र खपत भएको इन्धनको खर्च अनुमोदन सम्बन्धमा ।
८. म्याद थप सम्बन्धमा । (IEE & ADS)
९. विविध ।

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १२ गते**

CamScanner

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

नगर कार्यपालिकाको आगामी बैठकमा राय सहित पेश गर्ने गरी तपसीलको कानूनहरु विधेयक समितिमा पठाउने निर्णय गरियो ।

(१) सार्वजनिक भवन तथा सभा हल सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

(२) यान्त्रिक सवारी साधन सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ३**

शारदा नगरपालिका वार्ड नं. १ मा रहेको ठेक्का नं. SMO/NCB/W/06/2081/82: Construction & Management of Shreenagar Buspark, Salyan को कार्य गर्नको लागि मिति २०८१ माघ १० गते श्री NKNS-BGS-S.R.P., Tilottama-2, Rupandehi संग रकम रु १६५८२२९३।०९ (अक्षरुपी एक करोड पैसट्ठी लाख बयासी हजार पैसा नौ मात्र) भ्याट र पि. एस. बाहेकमा सम्झौता भई काम अघि बढाइएकोमा काम गर्ने क्रममा लागत अनुमान भन्दा निर्माण कार्यमा मुख्य गरी बिभिन्न ठाउँमा पर्खाल र केही स्थानमा ईन्टरलक ब्लक थप गर्नुपर्ने भएको र जुन कुरा शुरु लागत अनुमानमा थप हुने भएकोले उक्त निर्माण कार्य थप गर्दा सम्झौता रकम भन्दा ५.९१ प्रतिशत रकम रु. ९,९३,८८०।४९ (नौ लाख उनान्सय हजार आठ सय असी पैसा उन्पचास मात्र) बढ्न जाने भएकोले भरियशन गर्दा कायम हुन आउने जम्मा रकम रु. २,००,४९,७६७।४९ (अक्षरुपी दुई करोड उन्पचास हजार सात सय सतसट्ठी पैसा उन्पचास मात्र) भ्याट र पि. एस. समेतको अन्तिम भुक्तानीग्राही विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख हुँदै पेश हुन आएको टिप्पणी प्रतिवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा शारदा सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२७ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०८२ बैशाख २४ को जानकारी पत्रानुसार घर बीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक भई प्रतिवद्धता पेश गरेको सल्यान जिल्लाको एक मात्र पालिकाको रुपमा रहेको यस नगरपालिकामा बीमा कार्यक्रम गर्न छनौट भएको नेको इन्सोरेन्स कम्पनीका जिल्ला प्रमुख सहितको टोलीले बैठकमा यस बीमा कार्यक्रमको बारेमा प्रकाश पार्नुका साथै तपसीलका विषयमा निर्णय गरियो ।

(क) नगरपालिकाले घर बीमा कार्यक्रममा आवद्ध हुन नागरिकका नाममा सार्वजनिक सूचना जारी गर्ने र यसको प्रचार प्रसार गर्ने ।

(ख) प्रत्येक वडा अध्यक्षले मिति २०८२ जेष्ठ १३ गते भित्र १ जना विवरण संकलकको नामावली विवरण नेको इन्सोरेन्स कम्पनीलाई सिफारिश गर्ने र सो को जानकारी नगरपालिकालाई गराउने ।

(ग) विवरण संकलकलाई नगरपालिका र बीमा कम्पनीले अभिमुखीकरण गर्ने ।

(घ) संकलन भएका घरको मूल्यांकन कार्य नगरपालिकाको पूर्वाधार शाखाले गर्ने ।

(ङ) विवरण संकलन कार्य २०८२ जेष्ठ ३१ गते सम्म गरिसक्ने र मूल्यांकन कार्य समानान्तर रुपमा गर्दै जाने ।

**निर्णय नं. ५**

कार्यपालिकाको मिति २०८१ मंसिर ३ गते बसेको ३९ औं बैठकले दिएको निर्देशनानुसार यस नगरपालिका गठन हुँदाका समयमा साविकको गाउँ विकास समिति तथा संघीयता कार्यान्वयनका क्रममा यस नगरपालिकालाई जिम्मेवारी

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १२ गते**

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

हस्तान्तरण भई आएका जिन्सी सामाग्रीहरु जस्तैः फर्निचर, कम्प्यूटर तथा मेशीनरी औजारहरु हाल टुटफुट, बेकम्मा तथा प्रयोग बिहीन भई पुनः प्रयोग एवं मर्मत सम्भार समेत गर्न नसकिने अवस्थामा रहेका सामग्रीहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम लिलाम प्रक्रियामा लैजान जिन्सी ईकाइले पेश गरेको अनुसूची १ बमोजिमको मूल्यांकन विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

जिल्ला प्रहरी कार्यालय, सल्यानले बेलायत सरकारको सरकारको सहयोगमा कार्यालय परिसरमा निर्माणाधीन महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र भवन र सिनियर प्रहरी निवास समेतको भवनको नक्सा पास वापतको राजश्व छुटका लागि मिति २०८१/११/२८ मा पत्राचार गरी अनुरोध भई आएकोले राजश्व छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस आर्थिक वर्ष २०८१/८२ मा नयाँ सडकको ट्रयाक खोल्ने तथा जीर्ण सडकहरुको मर्मत एवं सरसफाईमा प्रयोग भएका स्काभेटर र ब्याकहो लोडरले प्रयोग गरेको इन्धन वापतको रकम रु. १३ लाख बराबरको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरपालिकासंग बिभिन्न मितिमा सम्झौता भई कार्यादेश प्राप्त तपसीलका कार्यहरु गर्ने संस्थाहरुले तोकिएको समयमा काम सम्पन्न गर्न नसकिने भनी निवेदन प्राप्त भएकोले म्याद थप भएको समयमा सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

| सि. न. | फर्मको नाम | सम्झौता भएको काम | म्याद थप मिति | कैफियत |
|---|---|---|---|---|
| १ | **Everest Engineering Consultancy, Banke** | फोहरमैला व्यवस्थापन केन्द्रको IEE प्रतिवेदन तयारी | २०८२ असार १० | |
| २ | क्रियटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी, काठमाण्डौ | कृषि विकास रणनीति | २०८२ असार १० | |

**निर्णय नं. ९**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको मिति २०८२/०२/०८ च न ३८२ को गणतन्त्र मनाउने भनी प्रेसित परिपत्र अनुसार तपसील बमोजिमको गणतन्त्र दिवस समारोह समिति गठन गर्ने निर्णय गरियो ।

(१) नगर श्री प्रकाश भण्डारी संयोजक

(२) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार

(३) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा

(४) वडा अध्यक्ष सबै

(५) कार्यपालिका सदस्य सबै

(६) शाखा प्रमुखहरु सबै

(७) नगर प्रहरी प्रमुख

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १२ गते**

CamScanner

**निर्णय नं. १०**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) नगर प्रमुख श्री प्रकाश भण्डारीको निमन्त्रणामा विभिन्न मितिमा पाल्नु भएका कालिका नगरपालिका, चितवनका नगर प्रमुख श्री विनोद रेग्मी तथा वहाँको प्रतिनिधिमण्डल र वाग्लुङ्ग नगरपालिका, बाग्लुङ्गका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठ तथा वहाँको प्रतिनिधिमण्डलको आवास तथा खाना खर्च नगरपालिकाको विविध खर्चबाट भुक्तानी दिने।

(ख) तार्केश्वर नगरपालिका काठमाण्डौले यस नगरपालिकालाई प्रदान गरेको एम्बुलेन्सलाई **Operation** मा ल्याउनका लागि हाल उपप्रमुख श्री सुस्मिता सापकोटा सुनारको सवारी साधन चलाउदै आएका हलुका सवारी चालक श्री लोकेन्द्र बस्नेतलाई जिम्मेवारी दिने र एम्बुलेन्स चालकका रुपमा आवेदन पेश गर्नेहरुबाट छनौट भएका व्यक्तिलाई नगर उपप्रमुख ज्यूको सवारी साधन चलाउने जिम्मेवारी दिने।

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १२ गते**